घरबाहिर निस्कनै परे मास्कको अनिवार्य प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ पुस २९ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 January 13 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १३८

## मतदानबाट प्रदेश २ को नाम र राजधानी तोकिने

## वीरगंज राजधानीका लागि लबिङ तीव्र –सभासद् शर्मा

प्रस, वीरगंज, २८ पुस/

प्रदेश २ को नामाङ्कन र स्थायी नामका लागि प्रदेशसभामा मतदान हुने कुरामा सहमति भएको छ। तर यसको मिति भने तय भइ नसकेको सभासद् ओमप्रकाश शर्माले प्रतीकलाई बताए।




प्रदेशसभामा पेश भएका नामाङ्कन सम्बन्धी प्रस्तावमा सहमति नभएपछि मतदानबाट टुङ्ग्याइने प्रदेशसभा सचिवालयले जानकारी गराएको छ। प्रदेश सभामुख सरोजकुमार यादवले बुधवार बोलाएको सर्वदलीय बैठकमा प्रदेशको नाम र राजधानीको प्रस्तावमा मतदान गर्ने सहमति भएको सभासद् शर्माले बताए।

सभामुख यादवको संयोजकत्वमा प्रदेशको नाम र स्थायी राजधानीका लागि आएका प्रस्तावमा छलफल गर्न संसदीय समिति गठन गरिएको थियो र सो समितिले प्रदेशसभामा दर्ता भएको प्रदेशको नाम मधेस, जानकी, मिथिला भोजपुरा, मध्य मधेस र राजधानीको प्रस्ताव जनकपुरधाम र वीरगंज सन्दर्भमा संसदीय दलका नेताहरूसँग छलफल गरेको थियो। सभासद् शर्माले संसदीय दलका नेताहरूसँग भएको छलफलमा मतदानबाट निर्क्योल निकाल्ने सहमति भएको बताए। प्रदेशको नाम र स्थायी राजधानीका लागि दुईतिहाई बहुमत आवश्यक हुन्छ। प्रदेश २ मा १०७ जना सभासद् छन्।

जसपा नेपाल, नेकपा माओवादी केन्द्र र लोसपा नेपाल प्रदेशको नाम मधेस प्रदेश राख्ने पक्षमा छन् तर यो समूहसँग ६३ जना मात्र सभासद् छन् र दुईतिहाईको लागि अझ सातजना सभासद् आवश्यक हुन जान्छ। प्रदेशको नाम जानकी प्रदेशको पक्षमा नेकपा एकीकृत समाजवादी पार्टी र नेकपा एमालेका २१ जना सभासद् छन् भने मिथिला–भोजपुराको पक्षमा नेपाली काङ्ग्रेसका १९ जना सभासद् मात्र छन्। सभासद् शर्माले आफूसमेत पर्सेली केही सभासद्हरू पर्सा, बारा, रौतहट र सर्लाहीका सभासद्हरूसँग प्रदेशको राजधानी वीरगंज बनाउने कुरामा लबिङ गर्दै आएको बताए। उनले यसै सन्दर्भमा पुस २९ गते रौतहट जिल्लाको चन्द्रपुरमा चार जिल्लाका सभासद्हरूको बैठक डाकिएको जानकारी गराएका छन्। चार जिल्लामा ५० जना सभासद् छन्।

पछिल्लो चरणमा वीरगंज राजधानीको पक्षमा पर्सा जिल्लाका लोसपा र नेपाली काङ्ग्रेस पार्टीले सडक तताउने काम गर्दै आएको छ। वीरगंज राजधानीका लागि यस अघि नेकपा एमाले पर्साले पनि सडक तताएको थियो। तर अहिले एमाले वीरगंज राजधानीको सवालमा खुलेर सडकमा भने आइसकेको छैन। यसका कार्यकर्ताहरू भने वीरगंज राजधानीको पक्षमा रहेका विभिन्न समाजिक सञ्जालमार्फत अभिव्यक्ति दिदै आएका छन्।

## प्रदेश २ मा समुदायमैं फैलिसक्यो कोरोना

### ओमिक्रन परीक्षणको लागि भण्डारण भएन नमूना

राधेश्याम पटेल, वीरगंज, २८ पुस/

प्रदेश २ को आठै जिल्लामा समुदाय स्तरमा कोरोना फैलिने खतरा बढेको छ। पुस दोस्रो सातादेखि ह्वात्तै बढेको कोरोना सङ्क्रमण अहिले प्रदेश २ को पर्सादेखि सप्तरी जिल्लासम्म फैलिसकेको देखिएको छ।

प्रदेश २ को सामाजिक विकास मन्त्रालय अन्तर्गतको स्वास्थ्य निर्देशनालयले जारी गरेको बुधवारको तथ्याङ्क अनुसार आठ जिल्लामध्ये ६ जिल्लाबाट पुनः कोरोना सङ्क्रमित भेटिन थालेका छन्। उक्त विज्ञप्ति अनुसार बुधवार भएको परीक्षणमा सप्तरीमा एक महिलासहित पाँचजना, सिरहामा दुई महिलासहित छजना, धनुषामा ११ महिलासहित १४ जना, महोत्तरीमा एक महिलासहित १० जना, सर्लाहीमा दुई महिलासहित १२ जना, बारामा एक महिलासहित चारजना र प्रदेश १ का दुईजना गरी १८ महिला र ५१ पुरुषमा कोरोना सङ्क्रमण पुष्टि भइसकेको छ।

नारायणी अस्पताल, वीरगंवको पिसिआर प्रयोगशालामा बुधवार ९५ वटा नमुना परीक्षण भएकोमा १६ महिला र ३५ पुरुष गरी कुल ५१ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको माइक्रोब्यालोजिस्ट डा. प्रभाकरराज पाण्डेले बताए। यस अघि गत सोमवार भएको ५४ वटा नमूना परीक्षणबाट ९ महिलासहित २२ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको थियो। उनका अनुसार अहिले दैनिक भइरहेको परीक्षणमा ४० प्रतिशतभन्दा बढी अनुपातमा कोरोना सङ्क्रमण पुष्टि भइरहनु चिन्ताको विषय हो।


शङ्कराचार्यद्वारस्थित कोरोना जाँच केन्द्र। तस्वीरः प्रतीक

**नाकामा ४ सय एन्टिजेन परीक्षण गर्दा १८ जनामा कोरोना**

नेपालको प्रमुख प्रवेशद्वार वीरगंज नाका भएर आउने नेपाली र भारतीय पर्यटकमा सङ्क्रमित भेटिने दर बढ्दै गएको पाइएको छ। वीरगंज महानगरको हेल्थ डेस्कद्वारा अहिले दैनिक सयभन्दा बढीको एन्टिजेन परीक्षण गर्दा २० भन्दा माथि पोजेटिभ भेटिइरहेको हेल्थ डेस्ककी डा. अनिशा महतोले बताइन्। उनले गत पुस ८ गते परीक्षण गर्दा दुईजना पोजेटिभ देखिएपछि चेकजाँच र परीक्षणको दायरा बढाइएको बताइन्। यस अघि जेठदेखि पुस ७ सम्म दैनिक सयदेखि डेढ सयको हाराहारीमा एन्टिजेन परीक्षण गर्दा सबै नतीजा नेगेटिभ देखिएको थियो। पुस ८ गतेपश्चात् भित्रिने भारतीय र नेपालीहरूमा कारोना पोजेटिभ भेटिएको हो। बुधवार साँझ ५ बजेसम्म गरिएको

(बाँकी अन्तिम पातामा)

## कुटाकुटपछि एमाले पर्साको बन्द सत्र स्थगित

प्रस, वीरगंज, २८ पुस/

नेकपा एमाले पर्साको आठौं जिल्ला अधिवेशनको बन्द सत्रमा कुटाकुट भएपछि कार्यक्रम स्थगित गरिएको छ।

हिजो बेलुकी ११ बजेदेखि शुरू भएको बन्द सत्रमा राति १ बजेदेखि तनाव बढेको थियो। जिल्ला अध्यक्षका लागि थुप्रैजना आकाङ्क्षी देखिएपछि केन्द्रीय नेतृत्व र स्थानीय नेताहरू बसेर सहमतिका लागि छलफल गर्दा कुरा मिल्न सकेको थिएन। अध्यक्ष पदबाट केही उम्मेदवारले नाम फिर्ता लिए पनि अधिकांश आकाङ्क्षीहरू निर्वाचन हुनुपर्ने र त्यसैबाट नेतृत्व चयन हुनुपर्ने कुरामा अडेका थिए।

यसै कारण सर्वसम्मतिको प्रयास अबेर रातिसम्म सफल हुन सकेको थिएन। एक पक्ष सर्वसम्मत नेतृत्व चयन हुनुपर्ने र अर्को पक्ष निर्वाचन गराउनैपर्ने कुरामा अडेपछि बिहान पौने पाँच बजेतिर बन्द सत्रमैं कुटाकुट भएको थियो। कुटाकुटको क्रम भित्र रोकिएको थिएन भने बाहिरिएकाहरूबीच र बाहिरै घमासान भएपछि प्रहरीले हस्तक्षेप गरेको प्रत्यक्षदर्शीले बताए। बन्द सत्र कुटाकुटमा परिणत भएपछि जिल्ला सचिव तथा अध्यक्षका दाबेदार मनोज गुप्ताले अधिवेशन स्थगित भएको सूचना दिएका थिए। सचिवको घोषणापछि बन्द सत्रबाट नेता कार्यकर्ताहरू बाहिरएका थिए। तर आक्रोशित कार्यकर्ताहरूले सभाहलको कुर्सी र बाहिरका फूलका गमला तोडफोड गरी आक्रोश पोखेका थिए।

बिहानको यो दृश्यपछि नेकपा एमाले प्रदेश कमिटीका इन्चार्ज केन्द्रीय सचिव रघुवीर महासेठ, एमालेका महासचिव शङ्कर पोखरेल, पर्सा इन्चार्ज तथा हालका अध्यक्ष प्रभु हजरा, केन्द्रीय सदस्यहरू राजकुमार गुप्ता, निर्मला देवकोटा, अरविन्द सिंहलगायत नेताहरू होटल भिस्वामा बिहानैदेखि बैठक बसेका थिए। बैठकबाट पनि निकास ननिस्केपछि पर्सा इन्चार्ज प्रभु हजराले आठौं अधिवेशनको बन्द सत्र स्थगनको सूचना दिउँसो प्रकाशित गरेका छन्। उनले जारी गरेको सूचनामा बन्द सत्रका अन्य कार्यक्रम अर्को सूचनाबाट जानकारी गराइने उल्लेख छ।






## खरको भरमा हरैया र सखुवनियाका विपन्न परिवार

ओमप्रकाश चौधरी, सेढवा, २८ पुस/

जीराभवानी गाउँपालिका–५ हरैया र सखुवनियाका अति विपन्न पचास घरपरिवारको दैनिकी गुजारा जङ्गलको खरले धानेको छ।

जङ्गल सीमासँग टाँसिएको यो बस्तीमा मुसहर, चमार र थारू समुदायका पचास परिवारको बसोवास छ। यो परिवारको अहिलेसम्मको दैनिक गुजारा नजीकको जङ्गलबाट खर काटेर हुने गरेको छ। जङ्गलबाट खर काट्ने, बिक्री गर्ने र परिवारको पालनपोषण गर्ने काम भइरहेको जीराभवानी गापा–५ हरैयाकी आसदेवीले बताइन्। उनले दैनिक ६–७ बोझा खर काटेर ल्याउने, सुकाउने र प्रतिबोझा रु ६० मा बिक्री गर्ने गरेको बताइन्।

चिसो बढेकोले जङ्गल क्षेत्रमा लगाइएको नर्सरीबाट खर काटेर ल्याउने गरेको उनले बताइन्। आफूले बनाएको खरको बोझा दक्षिणी क्षेत्रका मानिसले खरीद गर्ने गरेको उनले बताइन्।

हरैयाकै भोजराज रामले खरको भरमा पचास परिवारको गुजारा अहिलेसम्म हुँदै आएको बताए। अहिले जाडोको बेला अन्य मजदूरीको काम पनि नपाउने भएकोले परिवारका सदस्यहरू मिलेर खर काट्ने, बोझा बनाउने र बिक्री गर्ने गरेको उनले बताए। उनले नर्सरीबाट खर कटान गरेपनि अन्य बिरुवालाई भने हानि–नोक्सानी नहोस् भनी सचेत हुने गरेको बताए। रामले यो मौसममा खरकै भरमा परिवारको गुजारा भइरहेको बताए।

सब डिभिजन वन कार्यालय वसन्तपुरका प्रमुख सुमन पाण्डेले नर्सरीमा खर कटानको कामले बिरुवाहरूलाई फाइदा पुगेको बताए। उनले नर्सरीका बिरुवा हुर्कनका लागि खर बाधक बनेको र खर काटेपछि बिरुवाहरू हुर्कन सजिलो भएको प्रतिक्रिया दिए। खरको कारण बिरुवाहरूको वृद्धि विकासमा बाधा पुग्दै आएको उनले बताए। प्रमुख पाण्डेले अनावश्यक खर काटेर विपन्न परिवारको गुजारा भइरहेको र नर्सरीलाई पनि फाइदा पुगेको बताए।

उनले यसरी नर्सरीमा हुर्के–बढेको खरले बिरुवाहरूको वृद्धि विकासमा बाधक हुनुका साथै गर्मीयाममा खरमा आगो लाग्दा वा वन डढेलोको क्रममा नर्सरीमा ठूलो हानि–नोक्सानी पुग्दै आएको बताए। उनले नर्सरीबाट खर कटान गर्दा बिरुवाहरूमा क्षति नपुगोस् भनेर वनकर्मीहरूबाट निगरानी गराउने गरिएको बताए।






## विचारसार एवं सूक्तिहरू

**जुन अनुभूतिले हृदय खुशीले भरिन्छ, त्यही प्रेम हो ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# निर्वाचनको मुद्दा राजधानी

**अहिले वीरगंजलाई प्रदेशको राजधानी बनाउने कुरा फेरि जोडतोडका साथ उठिरहेको छ । मधेसवादी दलका प्रादेशिक नेताहरूले यो नारा उरालेपछि, त्यसलाई थेग्न नेपाली काङ्ग्रेस पनि मैदानमा ओर्लेको छ । कुरा वीरगंजलाई राजधानी बनाउने होइन, यस नाराले पर्सावासीको भावना पगालेर भोट पाउनु हो । यो किन भने शुरू दिनमा पनि वीरगंजलाई राजधानी बनाउने नारा लगाइयो, ठूलो आन्दोलनको धम्की पनि दिइयो । पछि चार वर्षसम्म कसैले खासै बहस चलाएन, सभा–गोष्ठी गरेन, आन्दोलन चलाउने त परको कुरा ! खासमा नेपाली काङ्ग्रेसकै नेतृत्वको सरकार रहेको बखत जनकपुरलाई अस्थायी राजधानी तोकियो । नेपाली काङ्ग्रेसले तब र अब यो आग्रह गर्नुको के तुक ? दोस्रो कुरा चार वर्षसम्म सबै चुप थिए, केहीले साउती गरेजस्तै कुनै बेला कुरा उठाए, तर त्यसलाई कुनै मञ्चसम्म पुर्‍याएनन्, निरन्तरता दिन सकेनन् । अब भोट चाहिएको छ, जसले जति बढी घोक्रो फुलाउँछ, उसले बढी जनताको भावना पगाल्छ र त्यही मात्रामा भोट पनि पाउँछ ।**

**राजधानी वीरगंज बनोस् भन्ने चाहना पर्सावासीको मात्र हुन सक्दछ । किनकि यसले उसलाई सहुलियत हुन्छ । वीरगंजलाई राजधानी बनाउने नारा के बारावासीले कलैयालाई बनाउनु, रौतहटवासीले गौरलाई बनाउनु, सर्लाहीवासीले मलङ्गवालाई बनाउनु, महोत्तरीवासीले जलेश्वरलाई बनाउनु, सिरहावासीले सिरहालाई बनाउनु र सप्तरीवासीले राजविराजलाई बनाउने मागजस्तै होइन र ? तत्तत् जिल्लाका बासिन्दाले आफ्नो सदरमुकामलाई राजधानी बनाउने माग गर्नु, इच्छा राख्नु पो स्वाभाविक हो । राजनीतिक दलहरूले त यस्तो ठाउँ छान्नुपर्छ, यस्तो ठाउँको लागि आग्रह गर्नुपर्छ जुन सबैको पायकपर्दो हुन्छ । पर्सादेखि सप्तरीसम्मको जनता, सबैलाई पायक पर्ने ठाउँको छनोट हुनुपर्छ र त्यो ठाउँ कम विकसित भए अझ राम्रो, किनभने राजधानी बन्दा त्यस ठाउँको विकास हुन्छ । विकासमा समानताको अवधारणालाई राजनीतिक दलहरूले आत्मसात् गर्ने हो भने ठाउँविशेषलाई राजधानी बनाउने हठको पछि लाग्नु उचित होइन । राजधानी भनेको कुनै प्रदेश वा राष्ट्रको नाक हो । यसले पूर्ण विकसित हुनुपर्छ वा पूर्ण विकसित बनाउने प्रशस्त पूर्वाधार हुनुपर्छ । सबभन्दा पहिले त आठ जिल्ला रहेको यस प्रदेशमा कुनै पनि सदरमुकामसँग त्यो प्रावधान छैन । पूर्वाधार बनाउन ठाउँ चाहिन्छ, जसको यी आठ जिल्लाका सदरमुकामहरूमा सर्वथा अभाव छ । आजको अस्थायी राजधानी जनकपुरमा नै सरकारले कुनै ठूलो संरचना बनाउन चाह्यो भने कदापि सम्भव हुन सक्दैन ।**

**सबैलाई आफ्नो नठान्ने, आफ्नोलाई पनि स्वार्थवश आफ्नो ठान्ने प्रवृत्तिले गर्दा नै आज देशको राजनीति सङ्कुचित भएको छ । पार्टीहरूले आफ्ना कार्यकर्तालाई, त्यो जतिसुकै अयोग्य किन नहोस्, योग्यतम देख्ने, स्वार्थ पूरा गरिदिने व्यक्तिलाई नेता देख्नेजस्ता रुग्ण मानसिकताले गर्दा नै नेपाल उँभो लाग्न सकेको छैन । प्रदेशको नाम नै आजसम्म टुङ्गो लाग्न सकेको छैन । जुन नाम प्रस्तावित छन्, तिनमा सहजताभन्दा आत्मश्लाघा बढी देखिन्छ । किनकि हामीकहाँ प्रादेशिक विभाजन अप्राकृतिकरूपमा भयो । पहिले न प्रदेश थियो न त्यसको कुनै राजधानी नै । प्रदेश नै नभएपछि नामका लागि हानथाप वर्चस्वको सङ्घर्षजस्तै देखिन्छ । यो कुरा राजनीतिक दलहरूले नबुझेका होइनन्, तर चुनाव आउँदैछ, भोट बटुल्नै पर्‍यो !**

# धरतीमा देखिएको तेस्रो उफार

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**नेपाली धरतीमा कोरोनाको तेस्रो उफारको बाछिटा आइसकेको छ । यस बाछिटाले देशका कतिपय विशिष्ट राजनीतिज्ञलाई चपेटमा पारिसकेको छ । हरेक दिन यसले बिस्तारै गाँज्दै गएको देखिएको छ । यद्यपि हाम्रो धरतीमा यसले अहिलेसम्म विस्फोटको रूप लिएको छैन ।**

आँखामा अनन्त देखिने समुद्रमा तरङ्ग आइरहन्छ । त्यस तरङ्गलाई सर्वसाधारणले लहर भन्ने गरेका छन् । अहिले धरतीमा नै लहर आइरहेको छ । एकपछि अर्को लहर आइरहेको छ । समुद्रमा लहरको आफ्नो गति हुन्छ र सीमा हुन्छ । किनारभन्दा धेरै माथि प्रायः पुग्दैन । यदि सुनामी आएको हुन्छ भने समुद्रले आफ्नो सीमा नाघ्दछ । समुद्रले सीमा नाघ्नु भनेको सामान्यावस्थाको उफारभन्दा धेरै बढी हुनु हो र धरतीमा पनि आइपुग्नु हो । कहिलेकाहीं ठूलो बाढीको रूपमा समुद्र नै धरतीतर्फ बग्न थाल्छ । यसलाई विपत्तिको रूपमा मानिन्छ । यस प्रकारको विपत्ति समय–समयमा आइरहन्छ सानो वा ठूलो । तर धरतीमा जब नदीहरूमा ठूलो बाढी आउँछ र नदीको पानी सीमा नाघेर बस्तीमा पानी पुग्छ र विनाशको रूप धारण गर्दछ, जब मानिसले आफ्नो बस्तीको चारैतिर पानी नै पानी देख्छ र पानीबाट मानिसको जीउ र धनको खतरा देख्दछ तब त्यसलाई खतराको सङ्केत मान्दछ जसलाई कतिपयले समुद्रसित तुलना गर्दछन् । वास्तवमा जतिसुकै ठूलो बाढी किन नहोस्, त्यसको तुलना समुद्रसित कदापि गर्न सकिन्न । अन्ततः सबै बाढी जाने त समुद्रमा नै हो, सबै पानी अटाउने समुद्रमा नै हो ।

सन् २०१९ को अन्तिममा मानव शरीरमा फेला परेको एउटा भाइरसले अहिलेसम्म विश्वलाई थर्काइरहेको छ । हुनत विश्वमा समय–समयमा अनेक महामारी आएको देखिन्छ । महामारीको समयमा विश्वको धेरै कुनामा जनधनको क्षति हुने गरेको इतिहास छ । केही रोग र महामारी त लामो समयसम्म पनि टिकेको देखिन्छ । हाम्रो समाजमा करीब सय वर्ष पहिले कतैकतै हैजा फैलिन्थ्यो र हैजाको महामारीले धेरै मानिस मर्दथे । हैजाको नियन्त्रण धेरै कारणले सम्भव हुन सकेको हो र जब हैजा नियन्त्रण भइसकेको छ तब पनि यदि कतै कुनै ठाउँमा हैजाको महामारी फैलिन्छ भने उक्त ठाउामा निकै त्रासमय वातावरण हुन्छ । जुन महामारीको विषयमा अहिलेको समाज जागरूक भइसकेको छ र जसको औषधि तथा रोकथामको तरीका थाहा भइसकेको छ, त्यसबाट पनि सर्वसाधारण त्रसित हुने अवस्था रहन्छ भने अहिले फैलिएको कोरोना महामारीबाट सर्वसाधारणमा त्रासको मनोविज्ञान उत्पन्न हुनु नितान्त स्वाभाविक हो । यसबाट धेरै डराउनुपर्ने अवस्था नभए पनि सतर्क भने रहनैपर्छ ।

कोरोनाको पहिलो लहर अर्थात् उफार आउँदाको अवस्था र अहिलेको अवस्थामा धेरै किसिमले मानिसमा सम्पन्नता आएको छ । आर्थिक दृष्टिकोणले त धेरै क्षेत्र कमजोर नै भएको छ तर कोरोनाको पहिलो उफार आउँदा खोपको आविष्कार नै भएको थिएन । दोस्रो लहरमा त खोप आउन थालेको थियो । तेस्रो लहर आउने समयमा धेरै नेपालीले खोप लगाइसकेका छन् । कतिपयले दोस्रो डोज पनि लगाइसकेका छन् । यसलाई राम्रै मान्नुपर्दछ । अहिले पनि खोप चलिरहेको छ । धेरैले खोप लगाउन पाउनुलाई सुखद मान्नुपर्दछ किनभने अहिलेसम्म जे विश्लेषण गरिएको छ, त्यसको मूल के हो भने खोप लिइसकेका मानिसमा कोरोना लागे पनि बाँच्ने सम्भावना धेरै हुन्छ, अर्थात् मानिसको मृत्युको सम्भावना निकै कम हुन्छ । खोप लगाइसकेकाहरूलाई कोरोना भाइरस सङ्क्रमण भए पनि उसको स्वास्थ्यमा गम्भीर असर पुर्‍याउन सक्दैन । अहिलेसम्म यही सुनिएको छ र पढिएको छ, तर यसको अर्थ यो कदापि होइन कि जसले खोप लगाइसक्यो, उसलाई कोरोना सर्दैन । जसले खोप लगाइसकेको छ, ऊ पनि उत्तिकै सतर्क रहन आवश्यक छ । सतर्क रहनुपर्ने धेरै कारणहरू छन् ।

कोरोनाको पहिलो लहरमा हामीकहाँ यसबाट जोगिनको लागि स्रोत र साधनको अभाव थियो । कोरोनाको डर यत्ति धेरै देखिन्थ्यो कि कोही घरबाट बाहिर निस्किन खोजिरहेको थिएन । मानिसमा सतर्कता बढी थियो । सतर्कता बढी भएर सर्वसाधारणमा डर बढी देखिएको थियो । जबकि पहिलो उफारमा सङ्क्रमण यति धेरै तीव्र देखिएको थिएन । साधन स्रोत केही नहुँदा, सतर्कता बढी भएकोले होला, पहिलो उफारमा धेरै मानिसको मृत्यु भएको सुनिएन । पहिलो उफारमा सबैभन्दा बढी मानिस क्वारेन्टाइनमा देखिए । यसको मूल कारण थियो बाहिरबाट मानिस घर फर्किनु तर दोस्रो उफारमा भने दृश्य केही फरक दृश्य थियो । गत वर्ष आएको कोरोनाको दोस्रो उफारमा मानिसमा धेरै सतर्कता देखिएन, मानिस धेरै हदसम्म लापरवाह देखिए । पहिलो उफारको तुलनामा दोस्रो उफारको गति निकै तीव्र थियो । हुनत दोस्रो उफारमा मानिस अभ्यस्त पनि भइसकेका थिए, अभ्यस्त भएकाले केही अप्ठ्यारो पनि भयो । वास्तवमा धेरै मानिसको मृत्यु हुन पुग्यो । हेर्दाहेर्दै धेरै मानिसको मृत्यु भयो । हुनत मृत्युको अरू पनि कारण देखाइयो शायद त्यसैले कोरोनाले उच्च फड्को मारिरहँदा सरकारले लागू गरेको गाइडलाइन धेरैले मानेनन् । नमानेको कारण सङ्क्रमण बढ्यो र खतरनाक र विनाशकारी रूप देखायो । अन्ततः क्षति समाजलाई नै भयो, देशलाई नै भयो ।

अहिले कोरोनाको तेस्रो उफार आइरहेको छ । यस उफारको समयसम्म आइपुग्दा यसविरुद्ध पहिलेभन्दा बढी स्रोत र साधन समाजसित छ । मानिसमा धेरै सचेतना आइसकेको छ, तर लापरवाहीको हद कत्ति हुन्छ भन्ने कुरा बुझ्न धेरै समय कुर्नुपर्दैन । अहिले नै बजार हेर्दा थाहा हुन्छ । बजारमा मास्कले नाकको कति भाग छोपेको हुन्छ ? अब फेरि पुलिसलाई देख्नेबित्तिकै नाक र मुख छोप्न थालेका छन् मानिसले । पुलिसलाई देखेर सतर्क हुनु भनेको अन्य कुनै पनि समयमा ऊ सतर्क नभएको हो भन्ने कुराको सङ्केत हो । पुलिसले सचेत गराउँछ भन्नेतर्फ पनि सङ्केत हो । वास्तवमा पुलिसले सतर्क गराउनुपर्ने हो भने आमसञ्चारलाई कहाँ हामीले बुझ्न सक्यौं त ? राम्ररी विचार गरेको भए जनगणनाको समयभन्दा अगाडि र पछाडि अर्थात् अहिलेसम्म पनि कहीं कतै फोन गर्दा नेपाल टेलिकमको सन्देश कानमा गुन्जिएको हुनुपर्छ । निरन्तर कानमा जुन सन्देश सरकारले हामीलाई पुर्‍याएको छ, त्यसलाई खोई हामीले सुन्न सकेको ? खोई हामीले बुझ्न सकेको ? एउटै कुरालाई सयौं, हजारौंचोटि सुन्दा पनि नसुन्ने, नबुझ्ने र परिपालन नगर्ने हामीले, अहिले कोरोनाको तेस्रो उफारको समयमा डरले नै भए पनि परिपालन गर्ने कुरा, आफू, आफ्नो परिवार, समाज र देशप्रति जिम्मेवारीबोध गरेको भन्न सकिन्छ ।

नेपाली धरतीमा कोरोनाको तेस्रो उफारको बाछिटा आइसकेको छ । यस बाछिटाले देशका कतिपय विशिष्ट राजनीतिज्ञलाई चपेटमा पारिसकेको छ । हरेक दिन यसले बिस्तारै गाँज्दै गएको देखिएको छ । यद्यपि हाम्रो धरतीमा यसले अहिलेसम्म विस्फोटको रूप लिएको छैन । अबको समयमा यदि सावधान रहने बानी बसालियो भने धेरै हदसम्म पहिलो र दोस्रो उफारको समयमा समाज र देशले भोग्नुपरेको जोखिम कम हुन्छ र सावधानीभन्दा ठूलो औषधि अरू केही हुन नसक्ने यथार्थलाई मनन गर्नुपरेको छ । यस उफारबाट जोगिनको लागि हरेक व्यक्ति हरेक मिनट तयार रहनुपर्छ । हरेकपटक बाहिर निस्कँदा–किन बाहिर निस्कनुपर्‍यो होला, हरेकपटक बाहिरबाट घर पस्दा अनिवार्यरूपमा साबुन पानीले मिचिमिची हात धुने, सम्भव भएसम्म कपडा फुकालेर अन्यत्रै राख्ने र आज फुकालेको कपडा भोलि नभई एकैपटक पर्सि लगाउने कोशिश गर्दा राम्रो हुन्छ । यसरी सुरक्षा र सावधानीका अन्य उपाय अवलम्बन गर्नु अहिलेको वैयक्तिक कर्तव्य र सामाजिक तथा राष्ट्रिय धर्म मान्नु आवश्यक देखिएको छ । वास्तवमा अहिले सरकारले विद्यालयहरू बन्द गरेको छ तर यदि समाजमा कोरोनाको उफार अगाडि बढेमा त्यसको गति नियन्त्रण गर्न अझ कडा कदम चाल्नुपर्ने हुन्छ । यसर्थ समाज र देशलाई भयावहताबाट जोगाउन अहिले नै सम्भव भएसम्म सतर्क हुनु आवश्यक छ । कोरोनाको तेस्रो उफारको वर्तमान समयमा यसबाट सतर्क र सावधान रहनु नै उचित हुन्छ । सम्भव भएसम्म हामीले हाम्रो धरतीलाई कोरोनाबाट जोगाउनु पर्छ ।

# पूर्वतयारीका कामहरू भइरहेको छ –सप्रजिअ पौडेल

नितेश कर्ण, वीरगंज, २८ पुस/

जिल्ला प्रशासन कार्यालय, पर्साका सूचना अधिकारी एवं सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले कोरोनाको नयाँ भेरिएन्ट ओमिक्रोनको आतङ्क फैलिएसँगै पूर्व तयारीका कामहरू भइरहेको बताएका छन् ।

मास्क अनिवार्य, भीडभाड कम गर्ने, स्वास्थ्य परीक्षणमा कडा, कोभिड अस्पताल बनाउने काम, हेल्थडेस्क निर्माण, सचेतना कार्यक्रम, जोखिम न्यूनीकरण गरी सेवा प्रवाहलगायत स्वास्थ्य र सुरक्षाका मापदण्ड पूरा गराउनेतर्फ आवश्यक जनशक्ति परिचालन गरिएको बताएका छन् । उनले वीरगंज महानगरपालिकामा तत्काल १५ वटा अस्पताल रहेको र सोमा आइसियु १८३ शय्या, एचडियु ३२३ शय्या, भेन्टिलेटर ४९ शय्याको रहेको बताए ।

उनले नारायणी अस्पताल, वयोधा, नेशनल मेडिकल कलेज (बाबा अस्पताल), गण्डक, प्रभु, एडभान्स, स्पर्श, वीरगंज हेल्थकेयर, अलि अटो, वीरगंज मेट्रोसिटी, सेढवापरसौनी आइसोलेशन, नारायणी सेन्ट्रल र नेपाल–इन्डो अस्पतालमा गरी यी सङ्ख्यामा आइसियु, एचडियु र भेन्टिलेटरको अवस्था रहेको सूचना अधिकारी पौडेलले बताए ।

उनले कोरोनाको पहिलो चरणमा पर्सा जिल्लामा ३१ हजार १५९ वटा पिसिआर परीक्षण भएको ३ हजार १८४ जना पोजेटिभ, ३ हजार ३०९ जना डिस्चार्ज भएका पर्सा जिल्लाका ५५ जना र अन्य जिल्लाका ३१ जना गरी ८६ जनाको मृत्यु भएको बताए ।

यसैगरी दोस्रो चरणमा १७ हजार ५७३ वटा पिसिआर परीक्षण भएको, १४ हजार ९३३ एन्टिजेन परीक्षण, ३ हजार ५३२ जना पोजेटिभ देखिएका, ३ हजार ८४१ जना डिस्चार्ज भएका र पर्सा जिल्लाका १४२ जना तथा अन्य जिल्लाका २०४ जना गरी ३४६ जनाको मृत्यु भएको बताए । उनले यो तथ्याङ्क पुस २६ गतेसम्मको भएको र यो अवधिमा पहिलो मात्राको खोप २ लाख ६९ हजार ७५४ जनाले लिएको तथा १ लाख ६९ हजार ३१५ जनाले दोस्रो मात्राको खोप लिइसकेको उनले बताए ।



सप्रजिअ भीमकान्त पौडेल

अहिले जिल्लामा भएको अक्सिजनको अवस्था आकलन गरिएको कोरोना अस्पतालका लागि अस्पताल सञ्चालकहरूसँग बैठक गरी निक्योर्ल निकालिने बताए । पछिल्लो चरणमा मुख्य नाकाको इनर्वा चेक प्वाइन्टमा स्वास्थ्य परीक्षणमा कडाइ गरिएको र अन्य नाकामा पनि स्थानीय पालिकासँग समन्वय गरेर परीक्षणको व्यवस्था मिलाइने बताए ।

## प्रमाण खोज्न दुनियाँ चहार्नुस्,

पाठक प्रतिक्रिया

२७ गते प्रतीकमा वैद्यनाथ श्रमजीवीको लेख 'किन सरकार मौन छ लिपुलेकको सडक निर्माणमा ?' पढें । आज पृथ्वीजयन्तीको उपलक्ष्यमा मलाई यो उनको दिव्य उपदेशको पाठजस्तो लाग्यो । यो लेख पढेर मैले विचार गरे कि लेखक किन मौन छन् ओलीबारे । प्रचण्ड, देउवा, माधवको कटु आलोचना गरे पनि ओलीप्रति नरम रवैयाको कारण के हो ? ओलीले चुच्चे नक्शा बनाइदिएर हर्ष बढाइँ गर्ने कि सामन्त गोयलको भेटपछि पछि हटेकोमा आलोचना ? के कारणले महेन्द्रले लिपुलेक छाडिदिए ? सत्तामा टिकिरहन ? किन वीरेन्द्र र ज्ञानेन्द्रसमेतले यस विषयमा बोलेनन् ? राप्रपा पनि बोलिरहेको छैन ? सबैलाई त्यही सत्ताको लोभ त हो । अब त एमसिसी पनि त्यस्तै प्रयोग गर्ने स्थिति बन्दैछ ।

गलवानमा भारतीयलाई मारे पछि चीनले नेपाललाई पनि उक्साइदियो । त्यसपछि नै लिपुलेक मामला प्रकाशमा आउन थाल्यो । जब कुरा यति टाढासम्म जान्छ तब के भारतले टेर्छ ? तपाईंले त अहिलेसम्म प्रमाण नै जुटाउन सक्नुभएन । यसका लागि कोही लन्दन, कोही बिजिङ चहार्न थालेको छ । बिबिसीले नेपालले बोलेन भन्यो । संसारमा झगडा लगाउनमा रेडियो बिबिसीलाई त मानिएकै छ ।

डा.शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# फास्ट ट्र्याक समयमैं सम्पन्न गर्नुपर्छ सबैले आआफ्नो दायित्व पूरा गर्नुस्– समिति

काठमाडौं, २८ पुस/रासस



तस्वीरः फाइल

संसदीय समितिले काठमाडौं–तराई मधेस द्रुतमार्ग 'फास्ट ट्र्याक' आयोजनालाई द्रुत गतिमा अघि बढाउने सन्दर्भमा सरोकारवाला सबैलाई आआफ्नो दायित्व पूरा गर्न निर्देश गरेको छ। राष्ट्रियसभा, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले द्रुतमार्ग निर्माण तोकिएको समयभित्र पूरा गर्ने सिलसिलामा देखिएका चुनौती र समस्या हटाउन चाल्नुपर्ने कदमबारे सम्बन्धित मन्त्रालयका सचिवसँग छलफलपछि उक्त निर्देशन दिएको हो।

समितिको आजको बैठकले रक्षा, अर्थ, वन तथा वातावरण, उद्योग, वाणिज्य तथा आपूर्ति, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका पदाधिकारीलाई द्रुतमार्ग समयभित्र अर्थात् आर्थिक वर्ष २०८०/८१ भित्र पूरा गर्न आआफ्नो मन्त्रालयमा पर्ने दायित्व यथाशीघ्र पालना गर्न निर्देशन दिएको सभापति रामनारायण बिडारीले जानकारी दिए।

बैठकले आयोजनाको कार्य सम्पादनलाई द्रुतगति प्रदान गर्ने सिलसिलामा कुनै कानूनले बाधा अड्चन खडा गरेको वा कानून संशोधन गर्न पर्ने वा निर्देशिका खारेज गर्नुपर्ने भएमा सहजीकरणका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सचिवलाई आगामी बैठकमा अनिवार्य उपस्थित हुनेगरी आमन्त्रण गर्ने निर्णय पनि गरेको छ।

यस अघि बैठकमा सदस्यहरूले राष्ट्रिय गौरवको प्राथमिकता प्राप्त आयोजना समयमैं पूरा गर्न आर्थिक स्रोतको सुनिश्चितता, खोकना–बुङ्मती इलाकामा जग्गा अधिग्रहण विवाद निरूपण तथा रुख कटान सहजीकरण गर्न मन्त्रालयबाट भएका प्रयासबारे चासो व्यक्त गरेका थिए।

बैठकमा मन्त्रालयका सचिवले आयोजना सहजरूपमा अघि बढाउन आआफ्नो मन्त्रालयका तर्फबाट गर्ने कार्य समयमैं सहज र सरल ढङ्गबाट पूरा गर्ने प्रतिबद्धता जनाउँदै समन्वय र सहकार्यका आधारमा काम गर्ने विश्वास दिलाए।

राष्ट्रिय गौरवको सबैभन्दा प्राथमिकता प्राप्त करीब ७२ किमी दूरीको द्रुतमार्ग निर्माण नेपाली सेनाको व्यवस्थापनमा भइरहेको छ। ललितपुरको खोकनाबाट शुरू भई बाराको निजगढमा पूर्वपश्चिम राजमार्गसँग जोडिने द्रुतमार्ग निर्माणपछि काठमाडौं र तराईबीच दूरी कम हुन गई यातायात ढुवानीको लागत र समय घट्ने मात्र नभई, मुलुकै विकासमा ठूलो योगदान पुग्ने अपेक्षा गरिएको छ।

करीब रु एक खर्ब ७५ अर्ब प्रारम्भिक लागत अनुमान गरिएको फास्ट ट्र्याकमा तीनवटा सुरुङ र लामा छोटा ८७ पुल रहने छन्। डिपिआर स्वीकृत भएको चार वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

# माधवनारायण स्वस्थानी व्रतको विधिमात्र पूरा गरिने

काठमाडौं, २८ पुस/रासस


तस्वीरः फाइल

यस वर्ष कोरोना भाइरसको नयाँ स्वरूप ओमिक्रोनको प्रकोप बढेका कारण परापूर्वकालदेखि सञ्चालन हुँदै आएका श्री माधवनारायण व्रतको नित्य पूजाआजा एवं धार्मिक विधि मात्र पूरा गरिने भएको छ। भक्तजनलाई कोरोनाबाट बचाउन यसो गर्न लागिएको हो। शालिनदी यातायात प्रालि, बाबा गोकर्णेश्वर प्रालिद्वारा सञ्चालित सार्वजनिक यातायातले जस्तोसुकै अवस्थामा पनि सेवा दिन तयार रहेको जनाएका छन्। यातायातले स्वास्थ्य मापदण्ड पूर्णरूपमा पालना गराएर सेवा सञ्चालन गर्ने श्री माधवनारायण स्वस्थानी व्रत तथा शालिनदी सुधार समितिले जनाएको छ।

ऐतिहासिक, धार्मिक तथा पौराणिक तीर्थस्थल शालिनदीमा श्री माधवनारायण भगवान्को एकमहिने व्रत बस्न साँखु आउने व्रतालुको लगत सङ्कलनको लागि नाम दर्ता एवं स्थान व्यवस्थापन गरिने समितिका अध्यक्ष मीजेन्द्रकाजी श्रेष्ठले बताए।

व्रत सुरु हुनुभन्दा केही दिन अगाडिदेखि नै बसोबासको व्यवस्था गर्न समितिले सहजीकरण गरिरहेको छ। व्रतालुलाई साँखुबाट बाहिर परदेश (पशुपति, फर्पिङ, पनौती र चागुनारायण स्थान) लाने क्रममा आवश्यक सर सामान ओसार्नका लागि गाडीको व्यवस्था गरिएको छ। बाटोमा हिंड्न आवश्यक सरसहयोग गर्न समितिले नेपाल स्काउट, सक्व क्यूँ, नेपाल रेडक्रस सोसाइटी साँखु उपशाखा, स्वयंसेवक र विभिन्न सङ्घसंस्थासँगको समन्वयमा आवश्यक बन्दोबस्तीका सामानको व्यवस्था गर्ने भएको छ।

**माधवनारायणको दूर दर्शन गराइने**

हिंड्नै नसक्ने व्रतालुका लागि स्टेचरको व्यवस्था गरी बोकेर एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउन आवश्यक बन्दोबस्त गरिएको छ। यस वर्ष कोभिड–१९ को ओमिक्रोन भाइरसको प्रकोप बढ्दै गइरहेकाले भक्तजनको सुरक्षालाई ध्यानमा राखेर माधवनारायण भगवानको दूर दर्शनको व्यवस्था गरिने भएको छ।

भक्तजन र व्रतालुबीच कम्तीमा दुई मिटरको दूरी कायम हुनेगरी बारबन्देज गर्ने तयारी भएको अध्यक्ष श्रेष्ठले बताए। व्रतालुसँग पूर्ण खोप लगाइएको कार्डको प्रति लिएर निमोनिया भए/नभएको यकिन गर्न एक्स–रे लिने व्यवस्था गरिएको छ। आवश्यक परे एन्टिजेन परीक्षणको व्यवस्थासमेत समितिले नै गर्ने भएको छ।

शान्ति सुरक्षासम्बन्धी व्यवस्थापनमा शालिनदी परिसरभित्र विभिन्न ठाउँमा सिसीटिभी क्यामेराको व्यवस्था मिलाइने भएको छ। सामुदायिक प्रहरी सेवा केन्द्र तथा सामुदायिक प्रहरी एवं महानगरीय प्रहरी प्रभाग साँखुअन्तर्गत विशेष प्रहरी टोली परिचालन गर्ने निर्णय गरिएको छ। भक्तजनको सुरक्षाका लागि पर्याप्तमात्रामा मास्क र स्यानिटाइजर वितरण गरिनेछ। स्वयंसेवकका लागि मास्क, स्यानिटाइजर र पञ्जाकोसमेत व्यवस्था गरिने भएको छ। व्रतालुबाट टीका र प्रसाद ग्रहण गर्न चाहने भक्तजनका लागि छुट्टै व्यवस्था गरिने समितिले जनाएको छ। यस वर्ष माघ ३ गतेदेखि माधवनारायण व्रत सुरु हुने समितिले जनाएको छ।

# वैकल्पिक सिकाइ सुनिश्चिततापछि मात्रै विद्यालय बन्द गर्न आग्रह

काठमाडौं, २८ पुस/रासस

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ, नेपालले वैकल्पिक माध्यमको सिकाइ सुनिश्चितता गरेर मात्रै विद्यालय बन्द गराउन आग्रह गरेको छ।

महासङ्घका अध्यक्ष कृष्ण थापा र महासचिव गुणराज मोक्तानको आज जारी विज्ञप्तिमा कोभिड–१९ को महामारीको पुनः प्रभावको स्थितिमा विद्यालयलाई सुरक्षित सिकाइको थलो बनाउन नेपाल सरकार र राजनीतिक दलको ध्यान नपुगेकोमा दुःख व्यक्त गरिएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्रको सिफारिशमा यही पुस २७ देखि माघ १५ गतेसम्म विद्यालय बन्द गराउने निर्णय गरेको थियो।

बालबालिकाहरू लामो समयदेखि प्रभावित रहेकाले विद्यालय बन्द गर्नुपर्ने अवस्थामा वैकल्पिक माध्यमको सिकाइ सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समितिहरूलाई महासङ्घले आग्रह गरेको छ।

सिकाइ निरन्तरताका लागि वैकल्पिक सिकाइ गतिविधिहरू प्रभावकारीरूपमा सञ्चालनमा ल्याउन सङ्घीय, प्रदेश र स्थानीय सरकारको ठोस नीति, निर्देशन र कार्यक्रम सार्वजनिक हुनुपर्ने महासङ्घले माग गरेको छ।


धनुषाको चिसापानी चुरे आसपासमा फस्टाएको बाँस गोदारतर्फ लैजाँदै। तस्वीरः जीतलाल श्रेष्ठ

# प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको निर्देशकमा अन्सारी

प्रस, जनकपुरधाम, २८ पुस/

प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र प्रदेश २ को कार्यकारी निर्देशकमा सतार अन्सारी नियुक्त भएका छन्।

प्रदेश २ मन्त्रिपरिषद्को बुधवार सम्पन्न बैठकले सर्लाहीका सतार अन्सारीलाई केन्द्रको कार्यकारी निर्देशक नियुक्त गरेको हो।

प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको कार्यालय मुजेलियामा स्थापना गरिएको छ। उक्त निर्देशनालयमा प्रदेशका जनप्रतिनिधि एवं कर्मचारीहरूलाई प्रशिक्षण दिनुको साथै प्रदेशको अनुसन्धान क्षमता अभिवृद्धिका लागि काम गर्ने जनाइएको छ।

कार्यकारी निर्देशक नियुक्त अन्सारी संयुक्त राष्ट्रसङ्घको विभिन्न जिम्मेवारीमा रही काम गरिसकेका छन्। प्रशिक्षण केन्द्र प्रदेश २ को कार्यकारी निर्देशक पदका लागि तीनजना प्रतिस्पर्धी थिए। सर्लाहीका सतार अन्सारी, सप्तरीका रोहितकुमार यादव र रौतहटका गौरीशङ्कर साहमध्येबाट प्रदेश सरकारले सर्लाहीका अन्सारीलाई सबैभन्दा बढी अनुभवी रहेको आधारमा नियुक्त गरिएको जनाएको छ।

# जिल्ला बचत तथा ऋण सहकारीको वार्षिक साधारणसभा सम्पन्न

प्रस, वीरगंज, २८ पुस/

जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लिमिटेड पर्साको १४ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। वीरगंज महानगरपालिकाका मेयर विजय कुमार सरावगीको मुख्य आतिथ्यमा सम्पन्न सभा सङ्घका अध्यक्ष राजेश पडितको अध्यक्षतामा भएको थियो।

सो अवसरमा नेफ्स्कुन सञ्चालक समितिका सदस्य हरेराम पटेल, राष्ट्रिय सहकारी विकास बोर्डका पूर्व सञ्चालक शम्भुप्रसाद गुप्ता, जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लिमिटेड बाराका अध्यक्ष सतेन्द्र ठाकुरलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

सङ्घका अध्यक्ष पडितले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन र कोषाध्यक्षले प्रस्तुत गरेको आर्थिक प्रतिवेदनका साथै लेखा सुपरीवेक्षण समितिका संयोजकद्वारा प्रस्तुत प्रतिवेदन साधारण सभाले पारित गरेको छ। सङ्घका वरिष्ठ उपाध्यक्ष असगर अली अन्सारीले स्वागत गरेको सभाको सहजीकरण सङ्घका महासचिव जिष्णु बरालले गरेका थिए।

# सुनको मूल्य बढ्यो



काठमाडौं, २८ पुस/रासस

आज नेपाली बजारमा सुनको मूल्य प्रतितोला रु ४०० बढेको छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार मङ्गलवारको तुलनामा सुनको मूल्य प्रतितोला रु ४०० बढेको हो।

त्यसैगरी चाँदीको मूल्य पनि आज प्रतितोला रु पाँच बढेको छ। महासङ्घका अनुसार मूल्य बढेसँगै छापावाल सुन प्रतितोला रु ९२ हजारमा कारोबार भएको छ। तेजाबी सुन तोलाको रु ९१ हजार ५०० पुगेको छ। चाँदी प्रतितोला रु एक हजार २३५ पुगेको छ।

# हल्का वर्षा र हिमपातको सम्भावना

काठमाडौं, २८ पुस/रासस


हिमपातका कारण हिउँले भरिएको मनाङ डिस्याङ गापा– ६ स्थित गङ्गापूर्ण ताल। तस्वीरः रासस

पछिल्लो केही दिनयता पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले देशका अधिकांश स्थानमा बदली रही हल्का वर्षा र हिमपातसमेत भएको छ।

यस प्रणालीको प्रभाव अझै केही दिन कायम रहने जल तथा मौसम विज्ञान विभागका मौसमविद् मञ्जु बासीले बताइन्।

"शुक्रवारदेखि अझै अर्को मौसमी प्रणालीसमेत विकसित हुने सम्भावना देखिएको छ"–उनले भनिन्।

विभागले आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श जारी गर्दै प्रदेश नं १, प्रदेश नं २, वाग्मती, गण्डकी तथा लुम्बिनी प्रदेशका थोरै स्थानमा फाटफुटदेखि हल्का वर्षाको सम्भावना रहनुका साथै प्रदेश नं १, वाग्मती र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना रहेको जनाएको छ।

विभागले चीसो र हिमपातबाट हुन सक्ने प्रभावबाट जोगिन आवश्यक सुरक्षा तथा सतर्कता अँगाल्न अनुरोध गरेको छ। बिहीवार देशभर आंशिक बदली रही अपराह्न पछि प्रदेश नं १ र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका एक वा दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम ७.० डिग्री र अधिकतम तापक्रम १८.७ डिग्री सेल्सियस रहेको छ। त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम –४.३ डिग्री सेल्सियस रहेको छ।

# विशाल समूहको एक अर्बको जुस र पानी उद्योग लाग्दै, ६ महीनापछि उत्पादन गर्ने लक्ष्य

राधेश्याम पटेल, वीरगंज, २८ पुस/

नेपालको विशाल समूहले पर्सामा एक अर्बको उद्योग लगाउँदै छ । पर्सा,




विन्दवासिनी गाउँपालिका–२ गर्दौलमा गत वैशाखदेखि निर्माण कार्य भइरहेको छ ।

वीरगंज–ठोरी हुलाकी सडकखण्डमा पर्ने सो उद्योग वीरगंजबाट करीब १२ किलोमिटर पश्चिममा पर्छ ।

उद्योगको लागि समूहले करीब ८ बिघा जग्गा खरीद गरी निर्माण कार्य धमाधम भइरहेको छ । साउथ एशियन बेभरेज प्रालिको नामले स्थापना भइरहेको उद्योगले भारतीय ब्रान्डको जुस र मिनरल वाटर उत्पादन गर्ने लक्ष्य राखेको छ ।

भारतीय पार्ले एग्रो कम्पनीको फ्रेन्चाइच उत्पादकहरू उत्पादन गर्ने लक्ष्यका साथ उद्योग निर्माणको काम भारतीय परामर्शदाता कम्पनीको सहयोगमा भारतीय ठेकेदारमार्फत भइरहेको छ । ६ महीनापछि उत्पादन थाल्नेगरी तीव्रताका साथ काम भइरहेको उद्योगका इन्जिनीयर मुना यादवले जानकारी गराए । "उद्योगले वैशाखपछि बजारमा उत्पादन ल्याउने लक्ष्य राखेका छौं"–उनले भने–"अहिले उद्योग निर्माणमा करीब २ सय मजदूर दैनिक काम गरिरहेका छन् ।"

उद्योग सञ्चालनमा आएपछि पार्ले एग्रोका उत्पादनहरू फ्रूटी, एपी, एपी फिज नामक जुस र बेली ब्रान्डमा मिनरल वाटर उत्पादन गर्नेछ । उक्त उद्योग पूर्ण स्वचालित र आधुनिक प्रविधिको भए पनि करीब ३ सय मजदूरले रोजगार पाउनेछन् ।

नेपाल सरकारले दुई वर्ष अघि इनर्जी ड्रिंक्स तथा जुस आयातमा एन्टी डम्पिङ राजस्व लगाउँदै आयातमा भन्सार महसूल बढाएपछि नेपाली लगानीकर्ताहरूले नेपालमैं जुस उद्योग लगाउन अग्रसरता देखाएका हुन् । फ्रूटी नेपालमा पनि अत्यधिक बिक्री हुने जुसको ब्रान्ड हो । फ्रूटी पहिले वीरगंजका व्यवसायी दिपक श्रेष्ठको छातापिपरास्थित उद्योगले उत्पादन गर्दै आएको थियो । रोयल्टीको विषयमा विवाद हुँदा भारतीय पार्ले एग्रोले विशाल समूहसँग टाइअप गरेको चर्चा छ ।

स्टील उद्योग र ट्रेडिङ व्यवसायबाट चर्चित बनेको नेपालको विशाल समूहले हाल यती ब्रुअरी प्रालि चितवनबाट चर्चित अर्ना बियर, कमला रोलिङ स्टील, ग्रीन टायरको उत्पादन गर्छ भने युनाइटेड डिस्ट्रिब्युटर्स, इन्डेक्स डिस्ट्रिब्युटर्स, जिटिसी र एडीजस्ता ट्रेडिङ कम्पनीबाट व्यवसाय गर्दै आएको छ भने एनआइसी एशिया, निफ्रा र एलआइसी बैंक तथा वित्तीय संस्थामा पनि यो समूहको मुख्य लागनी रहेको छ ।

# साना किसान कृषि सहकारीको साधारणसभा

नरेश यादव, पर्सागढी, २८ पुस/

पर्सागढी नगरपालिका–३ स्थित सुशासन साना किसान कृषि सहकारी




संस्था लिको तेस्रो साधारणसभा संस्थाका अध्यक्ष प्रेमकुमारीको अध्यक्षतामा बुधवार सम्पन्न भएको छ ।

संस्थाको वित्तीय विवरण, आर्थिक प्रतिवेदन तथा आयव्यय विवरण संस्थाका प्रबन्धक बबिताकुमारी यादवले प्रस्तुत गरेकी थिइन् । सो अवसरमा संस्थाका उत्कृष्ट ऋणी सन्ताकुमारी तामाङ र घुटुरदेवीलाई सम्मान गरिएको थियो । त्यसैगरी उत्कृष्ट बचत कर्ता समूह ३२ का सम्पूर्ण सदस्य साथै सो समूहलाई पनि संस्थागत सम्मान गरिएको थियो ।

सामाजिक व्यक्तिका रूपमा सहयोग गर्ने सुमन यादवलगायत व्यक्तिलाई कार्यक्रममा पुरस्कार वितरण गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि नगरपालिका प्रमुख लोकनारायण यादवले संस्थाको प्रगति र उन्नतिको कामना गर्दै संस्था र त्यसका पदाधिकारीहरूको सामाजिक योगदानको प्रशंसा गरेका थिए । अतिथि नगर उपप्रमुख अर्चना चौधरीले उक्त संस्था महिलाहरूको अगुवाइमा सञ्चालित रहेको भन्दै महिला आन्दोलन र मुक्तिको बाटोमा एउटा ईंटा थप्ने काम भएको बताइन् । महिलाहरूको जीवनस्तर उकास्न संस्था सफल रहेको उपप्रमुख चोधरीले बताइन् ।

कार्यक्रममा वडा अध्यक्ष उद्धव उप्रेती, शमसुद्दिन शाह देवान, वार्ड सदस्य अरुणप्रसाद रेग्मी, सुनखरी सहकारी संस्था लिका अध्यक्ष सरस्वती भट्टराई, रन्जु अधिकारी, टीका श्रेष्ठ, भागवती शर्मा, अर्जुन नेपाललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा स्वागत मन्तव्य संस्थाका उपप्रमुख सिर्जनाकुमारी गुरागाईंले र सहजीकरण संस्थाका लेखापाल मनोज यादवले गरेका थिए ।

# तरकारी ब्लक सामग्री वितरण कार्यक्रम सम्पन्न

प्रस, सिम्रौनगढ, २८ पुस/

बाराको सिम्रौनगढ–६ दुर्गा मन्दिर चोकस्थित साना किसान कृषि सहकारी संस्था लि. को तरकारी ब्लक सामग्री वितरण कार्यक्रम बुधवार सम्पन्न भएको छ । सो वडाका अध्यक्ष शङ्करसाह कानूको अध्यक्षतामा भएको कार्यक्रममा कृषकहरूलाई रोटावेटर, पावर टिलर, स्प्रे ट्याङ्की, डिजिटल काँटा, पाइप लगायत कृषि सामग्री तथा कृषि उपकरणहरू सहुलियत मूल्यमा प्रदान गरिएको थियो । उक्त सामग्री तथा उपकरणहरू ५० प्रतिशतदेखि ८० प्रतिशतसम्म छुटमा २८९ जना कृषकलाई वितरण गरिएको कृषि सहकारीले जनाएको छ ।






सो अवसरमा सिम्रौनगढ नगरपालिका–१ का अध्यक्ष सुमित जयसवाल, कृषि ज्ञान केन्द्र कलैयाका प्रचार प्रसार अधिकृत रामजीवन ठाकुर, झगडु महतोलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

साना किसान कृषि सहकारी संस्था लि. सञ्चालन समितिका अध्यक्ष ललितादेवी दासले स्वागत गरेको उक्त कार्यक्रमको सहजीकरण संस्थाका व्यवस्थापक दिलीपकुमार कर्णले गरेका थिए । साना किसान कृषि सहकारी संस्था, सिम्रौनगढको आयोजना र कृषि ज्ञान केन्द्र, कलैयाको सहयोगमा कार्यक्रम सम्पन्न भएको हो ।

# मौलापुर बजारमा चोकको नामकरण

प्रस, गरुडा, २८ पुस/

रौतहटको मौलापुर नगरपालिकाले मौलापुर बजारको विभिन्न चोकको




नामकरण गरेको छ ।

नगरपालिकाको कार्यपालिका बैठकले मौलापुरको ऐतिहासिकता, मौलिकता र आधुनिकताको आधारमा विभिन्न चोकको नामकरण गरेको हो ।

मौलापुर बजारको विभिन्न चोकलाई महावीर चोक, स्मार्ट चोक, हिमगिरी चोक, क्याम्पस चोक र अद्भूतनाथ चोक नामकरण गरिएको नगरपालिकाले जनाएको हो ।

मौलापुर बजारको निरन्तर विस्तार भइरहेको र चोकको नामको अभावमा समस्या भइरहेकोले नगरपालिकाले निर्णय गरेर चोकको नामकरण गरेको हो ।

नेकपा एमालेका स्थायी समिति सदस्य प्रभु साहले चोकमा झन्डा गाडेर औपचारिकरूपमा चोकको नामकरण गर्ने काममा सहभागिता जनाएका छन् । मौलापुर नेता साहको गृहनगर हो ।




मकवानपुर, चितलाङ, थाहा नगरपालिका अन्तर्गत यहाँ बर्सेनि होम–स्टे, होटल खोल्नेहरुको उत्साह बढ्दो छ । पछिल्लो समयमा आन्तरिक र बाह्य पर्यटक स्वच्छ हावा र वातावरणका लागि यहाँ आउने गरेका छन् । यस क्षेत्रमा अहिले ५० देखि ६० वटा होम–स्टे सञ्चालनमा रहेका छन् भने ५८१ घरधुरीमा ३,१३७ जनसङ्ख्या बसोवास गर्ने गर्छ । तस्वीर: पङ्कज श्रेष्ठ

# ठूलो परिमाणमा गाँजासहित दुईजना पक्राउ

प्रस, सिम्रौनगढ, २८ पुस/

बाराको पचरौता नजीक सीमावर्ती भारतको कोरैया एसएसबीले नेपाल–




भारत सीमाबाट एक क्विन्टल ६० किलो गाँजासहित दुईजना तस्करलाई पक्राउ गरेको छ ।

६० लाख भारतीय रुपियाँ मूल्य पर्ने उक्त गाँजा नेपालबाट भारततर्फ लगिरहेको अवस्थामा एसएसबी कोरैयाले पक्राउ गरेको जनाइएको छ ।

पक्राउ पर्नेमा पूर्वी चम्पारण सङ्ग्रामपुर थाना क्षेत्र, भटवलिया गाउँ निवासी लालबाबू महतो र पूर्वी चम्पारण सङ्ग्रामपुर थाना क्षेत्र, जल्हा गाउँ निवासी रविरञ्जन महतो रहेका छन् ।

उनीहरूलाई गाँजासहित कागजी प्रक्रिया पुऱ्याई आवश्यक कारबाहीको लागि थाना महुआवालाई बुझाएको एसएसबी कोरैयाले जनाएको छ ।

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा एकै दिनमा झन्डै दुई लाख नयाँ सङ्क्रमित

नयाँ दिल्ली, २८ पुस/एएनआई

भारतमा कोरोना भाइरसबाट एकै दिनमा झन्डै दुई लाख नयाँ सङ्क्रमित थपिएका छन्। सरकारी अधिकारीहरूले बुधवार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा एक लाख ९४ हजार ७२० जना नयाँ सङ्क्रमित थपिएका हुन्।

मन्त्रालयले भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या तीन करोड ६० लाख ७० हजार ५१० पुगेको जनाएको छ। भारतमा अहिले सङ्क्रमितहरूको सङ्ख्या भने नौ लाख ५५ हजार ३१९ रहेको मन्त्रालयले जनाएको छ।

दैनिक नयाँ सङ्क्रमितहरूको वृद्धिदर ११.५ प्रतिशत रहेको मन्त्रालयका अधिकारीहरूले जानकारी दिएका छन्। महामारीको प्रभाव सबैभन्दा बढी अहिले पनि महाराष्ट्र प्रदेशमा देखिएको छ। महाराष्ट्रमा मात्रै एक दिनमा थप ३४ हजार ४२४ नयाँ सङ्क्रमित थपिएका छन्। दोस्रो धेरै दिल्ली प्रदेशमा २१ हजार २५९ र कर्नाटकमा १४ हजार ४७३ जना नयाँ सङ्क्रमित थपिएको अधिकारीहरूले जनाएका छन्। नयाँ सङ्क्रमितमध्ये चार हजार ८६८ जना ओमिक्रोन भाइरसबाट सङ्क्रमित छन्।

अघिल्लो दिन सोमवार सार्वजनिक गरिएको विवरणमा पछिल्लो २४ घण्टामा भारतमा एक लाख ७९ हजार ७२३ जना सङ्क्रमित भएको उल्लेख गरिएको थियो। भारतमा सक्रिय सङ्क्रमित र नयाँ सङ्क्रमित दुवैको सङ्ख्या तीव्ररूपमा बढ्दै गएको भन्दै चिन्ता व्यक्त गरिएको छ। भारतमा मङ्गलवार ८,२१,४४६ जना सक्रिय सङ्क्रमित रहेका थिए। रासस




कोरोना अवस्थाबारे जानकारी गराउँदै भारतीय स्वास्थ्य मन्त्रालयका लव अग्रवाल।

### ओमिक्रोन भेरिएन्ट खतरनाक नरहेको मेक्सिकोका स्वास्थ्य अधिकारीहरुको भनाइ

मेक्सिको सिटी/

मेक्सिकोका स्वास्थ्य अधिकारीहरूले यहाँ फैलिएको कोरोना भाइरसको ओमिक्रोन भेरिएन्ट त्यति शक्तिशाली नरहेको जनाएका छन्।

यहाँका अधिकारीहरूले मेक्सिकोमा फैलिएको ओमिक्रोन भेरिएन्ट यस अघिको डेल्टा भेरिएन्टभन्दा कम खतरनाक पाइएको बताएका हुन्। उनीहरूले यहाँ ओमिक्रोन फैलिएको अवस्थाको अध्ययन गर्दा यस्तो पाइएको बताएका छन्। यहाँ गरिएको परीक्षणका आधारमा यस्तो अवस्था पाइएको मेक्सिकोको स्वास्थ्य विभागका उपप्रमुख ह्युगो लोपेजले जनाएका हुन्। मेक्सिकोमा पनि पछिल्ला केही हप्तामा कोरोना भाइरसको ओमिक्रोन भेरिएन्ट द्रुत गतिमा फैलिएको छ।

## फिजीमा आँधीका कारण चार हजार विस्थापित

सुभ, २८ पुस/सिन्ह्वा

आँधीका कारण फिजीका चार हजार ६३० जना विस्थापित भएका छन्। उनीहरूलाई देशका विभिन्न ठाउँमा बनाइएका १६२ ओटा शिविरमा राखिएको पनि अधिकारीहरूले जानकारी दिएका छन्।

राष्ट्रिय प्रकोप व्यवस्थापन केन्द्रले ११५ ओटा शिविर भिटी लेभुको पश्चिमी क्षेत्रमा स्थापना गरिएको जनाएको छ। त्यसैगरी भानुआ लेभुको मध्य भागमा ४२ ओटा र उत्तरी भागमा पाँचवटा शिविर बनाइएको पनि अधिकारीहरूले जनाएका छन्।

"उनीहरूलाई शिविरमैं राख्ने भन्ने हैन, विस्थापितहरूलाई जतिसक्दो चाँडो हामी आफ्नै घर फर्काउन चाहन्छौं"–एक सरकारी अधिकारीले भने। विस्थापितहरूलाई अस्थायी बसोवास, खानासँगै न्यूनतम अत्यावश्यक सेवा पनि उपलब्ध गराइने उनीहरूको भनाइ छ। हरेक वर्ष नोभेम्बरदेखि अप्रिलसम्म फिजीमा आँधी आउने र ठूलो जनधनको क्षति हुने गरेको छ। रासस

## हाइपरसोनिक क्षेप्यास्त्र परीक्षण गरिएको उत्तर कोरियाको भनाइ

प्योङयाङ, २८ पुस/सिन्ह्वा

उत्तर कोरियाले मङ्गलवार परीक्षण गरेको भनिएको क्षेप्यास्त्र हाइपरसोनिक क्षेप्यास्त्र भएको उत्तर कोरियाले जानकारी दिएको छ।

सो क्षेप्यास्त्र उत्तर कोरियाली नेता किम जोङ उनको रेखदेखमा परीक्षण गरिएको पनि उत्तर कोरियाले जानकारी गराएको हो।

उत्तर कोरियाको सरकारी समाचार संस्था केसिएनएले मङ्गलवार प्रहार गरिएको क्षेप्यास्त्रबारे सो जानकारी दिएको हो। साथै सो समाचार संस्थाले उक्त क्षेप्यास्त्र एक हजार किलोमिटर परको निशानासम्म पुगेको पनि जनाएको छ।

उत्तर कोरियाले हप्ता दिनभित्र दुईपटक क्षेप्यास्त्र परीक्षण गरेको हो। नयाँ वर्ष सन् २०२२ को अवसरमा दिएको सन्देशमा उत्तर कोरियाली नेता किमले उत्तर कोरियाको प्रतिरक्षा प्रणाली बढाउने वाचा गरेका थिए।

त्यसपछि एकै साता दुईवटा क्षेप्यास्त्र परीक्षण भएका छन्।

सो क्षेप्यास्त्र परीक्षणको विश्वका विभिन्न देशले विरोध पनि गरेका छन्। मङ्गलवार भएको प्रक्षेपणको पहिचान दक्षिण कोरिया र जापानले पनि गरेको जनाएका थिए। ती दुवै छिमेकी देशले उत्तर कोरियाबाट समुद्रतर्फ क्षेप्यास्त्र प्रहार भएको बताएका थिए। बुधवार उत्तर कोरियाली समाचार संस्था केसिएनएले उक्त क्षेप्यास्त्र हाइपरसोनिक भएको र त्यो उच्च गतिको भएको पनि बताएको छ। रासस

तस्वीरः सिन्ह्वा




पर्यटकीय स्थलको संरक्षण र प्रचार गरौं,
पर्यटक विकासमा सहयोग पुऱ्याऔं।

वीरगंज महानगरपालिका


### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – भाग्योदय |
| मिथुन – बेचैनी | कर्कट – मनोरञ्जन |
| सिंह – कर्मप्राप्ति | कन्या – प्रगति |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – कडापरिश्रम | मकर – सुसमाचार |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## ओमिक्रोनले माथिल्लो श्वासप्रश्वास नलीमा सङ्क्रमण

– शरद शर्मा

काठमाडौं, २८ पुस/रासस

कोरोना भाइरसको ओमिक्रोन भेरिएन्ट यस अघिको डेल्टा भेरिएन्टभन्दा बढी सङ्क्रामक रहेको बताइएको छ। ओमिक्रोन भेरिएन्टले मानिसको स्वास्थ्यमा जटिलता कम गराए पनि सङ्क्रामक दर गुणात्मकरूपमा फैलिने बताइएको छ।



स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय। तस्वीरः फाइल

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले ओमिक्रोन भेरिएन्टको अन्य भेरिएन्टजस्तै मानिसमा लक्षण हुने गरेको बताए। "अहिले भइरहेका अणुवांशिक अध्ययन (जीन सिक्वेन्सिङ)ले ओमिक्रोन भेरिएन्ट बढ्दै गएको देखाएको छ, यो भेरिएन्टमा अरू भेरिएन्टको तुलनामा जटिलता कम भए पनि सङ्क्रामकधेरै हुने भएकोले जटिल हुने अनुपात बढेर जान्छ"–उनले भने।

अन्य भेरिएन्टको तुलनामा यो भेरिएन्ट तीव्र दरमा फैलिने गरेको छ। मन्त्रालयका प्रवक्ता डा सङ्गीता कौशल मिश्राले ओमिक्रोनले माथिल्लो श्वासप्रश्वास नलीमा सङ्क्रमण हुने बताइन्। "अन्य भेरिएन्टले तल्लो श्वास-प्रश्वास नली वा फोक्सोमा सङ्क्रमण हुने गर्दथ्यो"–उनले भनिन्।

ओमिक्रोनले पार्ने असरबारे थप अध्ययन अनुसन्धान भइरहेको उनले बताइन्। पछिल्लो एक हप्तामा कोरोना सङ्क्रमण विश्वभर एक करोडमा पुष्टि भएको छ। यति धेरै सङ्क्रमण हुनुको कारण ओमिक्रोन भेरिएन्ट नै रहेको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ।


ओमिक्रोनले कोरोना खोप लगाएका/नलगाएका दुवैलाई सङ्क्रमण हुन सक्दछ। सङ्क्रमितमध्ये खोप नलगाएकालाई धेरै गाह्रो बनाउन सक्ने अहिलेसम्मको अध्ययनले देखाएको छ। खोप नलगाएका व्यक्तिको ज्यान जाने पनि खतरा रहेको छ। जनस्वास्थ्यविद् डा सागरराज भण्डारीले ओमिक्रोन भेरिएन्टले मानिसको घाँटीमा सङ्क्रमण गराउने बताए।

उनले घाँटी खसखस हुने, चिलाउने र श्वासप्रश्वासमा समस्या हुनेजस्ता लक्षण देखिने जानकारी दिए। यस्तै ओमिक्रोन भेरियन्टले मानिसमा बढी हाच्छिउँ आउने, हल्का ज्वरो आउने, धेरै रूघा लाग्ने लक्षण पनि देखिने गर्दछ।

### बच्ने उपाय

यसबाट जोगिन कोरोना भाइरस पूर्ण मात्रा खोप लगाउनाका साथै जनस्वास्थ्य मापदण्ड अर्थात् भीडभाड नगर्ने, साबुनपानीले पटकपटक हात धुने र सेनिटाइजरको प्रयोग गर्नुपर्दछ। सही तरीकाले मास्क प्रयोग गर्न र एक व्यक्ति तथा अर्को व्यक्तिबीचको भौतिक दूरी एक मिटर कायम गर्नुपर्दछ।

यस्तै सङ्क्रमणबाट जोगिन सरकारले १२ वर्षदेखि माथिका सबैलाई कोरोनाविरुद्ध खोप एक वर्ष अघिदेखि नै लगाउन थालेको छ। अहिलेसम्म नेपालमा लक्षित जनसङ्ख्याको ७६.५ प्रतिशतले पहिलो मात्रा र ५६.९ प्रतिशतले पूर्ण मात्रा खोप लगाएका छन्।




यस्तै कुल जनसङ्ख्याको ५०.२ प्रतिशतले पहिलो मात्रा र ३७.३ प्रतिशतले पूर्ण मात्रा खोप लगाएका छन्। सरकारले कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएपछि विद्यालय तथा भीडभाड हुने स्थान माघ १५ गतेसम्म बन्द गर्नुका साथै २५ जनाभन्दा बढीको उपस्थिति हुने सभा, गोष्ठी जस्ता कार्यक्रम बन्द गरेको छ।

### सङ्क्रमण दरको प्रवृत्ति बढ्दै

सङ्क्रमण दरको प्रवृत्ति पनि वृद्धि भएको छ।

पुस १९ गते २.६ प्रतिशतमा रहेको सङ्क्रमण दर पुस २७ गते १८.६ प्रतिशत पुगेको छ। यस्तै पुस २६ गते १२.७ प्रतिशत, पुस २५ गते ९.२ प्रतिशत मात्र सङ्क्रमण दर थियो।

पुस २० गते ४.२ प्रतिशत, पुस २१ गते ४.३ प्रतिशत, पुस २२ गते ४.५ प्रतिशत, पुस २३ गते ६.५ प्रतिशत र पुस २४ गते ७.१ प्रतिशत कुल सङ्क्रमण दर रहेको थियो। पुस २७ गते १५ हजार ३३ जनाको परीक्षणमा दुई हजार ४४४ मा सङ्क्रमण देखिएको थियो। पुस २६ गते एक हजार ४४६ सङ्क्रमित र सात हजार ८५५ सक्रिय सङ्क्रमित तथा पुस २५ गते सङ्क्रमित एक हजार १६७ पुगेको र सक्रिय सङ्क्रमित छ हजार ७५५ देखिएका छन्।

### ओमिक्रोन रोकथाम गर्ने तयारी

सरकारले पहिलेको अनुभवबाट पाठ सिकेर सम्भावित तेस्रो लहरको जोखिम हुन नदिन अस्पताललाई तयारी अवस्थामा राखेको छ। मन्त्रालयका प्रवक्ता डा मिश्राका अनुसार ओमिक्रोन भेरिएन्टको सम्भावित जोखिम रोक्न अस्पताललाई आवश्यक पर्ने अक्सिजन, सघन उपचार कक्ष (आइसियु), हाई डिपेडेन्सी युनिट (एचडियु), भेन्टिलेटर, आइसोलेशन र स्वास्थ्यकर्मीलाई पनि तयारी अवस्थामा राखिएको छ। उनका अनुसार आइसियु दुई हजार ७९७, भेन्टिलेटर एक हजार आठ र एचडियु तीन हजार ८४६ रहेका छन्।

यस्तै अक्सिजन सिलिन्डर १३ हजार ९३९ र अक्सिजन कन्सट्रेटर ६९३ रहेका छन्। यसैगरी २५ अक्सिजन ट्याङ्कमा १९ वटा र १०७ मध्ये ८७ अक्जिसन प्लान्ट सञ्चालनमा आइसकेका छन्। उपत्यकामा दुई हजार ४९४ आइसोलेशन शय्या, ३२४ एचडियु, ४४५ सघन उपचार कक्ष र २५४ भेन्टिलेटर रहेका छन्।

मन्त्रालयले समुदायमा ओमिक्रोन भेरिएन्ट पत्ता लगाउन बढीभन्दा बढी एन्टिजेन किटबाट नै परीक्षण बढाउनुका साथै निगरानी बढाएको उनको भनाइ छ। "पोजेटिभ सङ्क्रमण देखिएकामध्येबाट ओमिक्रोन पत्ता लगाउन अणुवांशिक अध्ययन (जीन सिक्वेन्सिङ) गरिरहेका छौं"–मन्त्रालयका प्रवक्ता डा. मिश्राले भनिन्।

केही दिन अघि एक हजार १४६ पोजेटिभ नमूनाको एस–जिन स्क्रिनिङ गर्दा २५० नमूनामा एस–जिन नेगेटिभ देखिएका तिनको अणुवांशिक अध्ययन (जीन सिक्वेन्सिङ) २४ मा ओमिक्रोन भेरिएन्ट पुष्टि भएको थियो। हालसम्म २७ ओमिक्रोन भेरिएन्ट भएको पत्ता लागेको छ।

"एस–जिन नेगेटिभ बढ्नु भनेको ओमिक्रोन भेरिएन्ट बढ्नु हो"–उनले भनिन्–"एस–जिन नेगेटिभ पत्ता लागेका सबै सङ्क्रमितको कन्टचाक्ट्र ट्रेसिङ गरिरहेका छौं।" यस्तै सीमा नाकामा एक हजार क्षमताका नौवटा होल्डिङ सेन्टरसमेत बनाउन थालिएको छ।

तस्वीरः रासस




मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MD2A11CYXMPM77860, इन्जिन नं DHYRML00351 भएको प्रदेश ०२–०३–०१४ प ५४०७ नं बजाज कम्पनीको १५० सिसी कालो रङ्गको पल्सर मोटरसाइकल ०७८/०९/२३ गते शुक्रवार राति ८ बजे वीरगंज महानगर–१३ राधेमाईबाट चोरी भएकोले देख्नुहुने महानुभावले नजीकको प्रहरी कार्यालय वा मोबाइल नं ९८४५३१९०११ मा खबर गरि दिनुभएमा उचित पुरस्कार दिइने छ।

उज्ज्वल लेबर कन्ट्र्याक्ट एन्ड सप्लायर्स प्रालि



**आजीविकाको आ-आफ्नै शैली** : जङ्गली बाँदरलाई प्रशिक्षित गरी आम्दानीको स्रोत पनि बनाइँदो रहेछ। तस्वीर: जीतलाल श्रेष्ठ

# हिमालयन डिस्ट्रिलरीले शतप्रतिशत लाभांश दिने

राधेश्याम पटेल, परवानीपुर, २८ पुस/

हिमालयन डिस्ट्रीलरी लिमिटेडको आव २०७७-०७८ को २१ औं साधारणसभा सम्पन्न भएको छ। कम्पनी रजिस्टर्ड कार्यालय वीरगंज-२१ लिपनीबिर्ता, पर्सा कार्यालयमा आयोजित समारोहमा विभिन्न प्रतिवेदन पारित गर्दै साधारणसभा सम्पन्न भएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत महेशप्रसाद पोखरेलले बताए।




साधारणसभाले गत आवको कारोबारबाट शेयरधनीलाई २५ प्रतिशत नगद लाभांश (लाभांश, कर, प्रयोजनसमेत) र ७५ प्रतिशत बोनस शेयर (चुक्ता पूँजीको) गरी कुल शतप्रतिशत लाभांश दिने प्रस्ताव पारित गरेको छ। गत आव २०७७-०७८ मा बोनसबापत खुद मुनाफाको १० प्रतिशत अर्थात् रु. १५ करोड ६४ लाख छुट्याएको छ। गत आव २०७७-०७८ मा कुल ६ अर्ब ५० करोड ७० लाखको कुल कारोबार गरेकोमा खर्च कटाएर खुद मुनाफा रु ९७ करोड २६ लाख ८० हजार गरेको थियो।

त्यसैगरी अघिल्लो आव २०७६-०७७ मा २० औं सधारणसभाले ५०-५० प्रतिशत नगद र शेयर बोनस गरी शतप्रतिशत नै लाभांश दिएको थियो। त्यस बेला कम्पनीले कुल रु ४ अर्ब ७६ करोड ७० लाख बराबरको कारोबार गरेकोमा खुद मुनाफा रु ४६ करोड ६७ लाख आर्जन गरेको थियो। सो वर्ष कोरोना महामारीले कम्पनी करीब चार महीनाभन्दा बढी बन्द थियो।

गत आवको लाभांश वितरणपछि रु ९० करोड बराबरको अधिकृत पूँजी रु १ अर्ब ६० करोड हुनेछ भने रु ८६ करोड ७७ लाख रहेको चुक्ता पूँजी रु १ अर्ब ५१ करोड ८४ लाख हुनेछ।

कम्पनीका कर्मचारी तथा मजदूरहरूले गत आवको लागि छुट्याएको बोनस रकम रु १५ करोड ६४ लाखमध्ये दोब्बर बोनस पाउने छन् अर्थात् मजदूरहरूले गत वर्ष ९ महीनाको बोनस पाएका थिए भने यस वर्ष करीब २० महीनाभन्दा बढीको पारिश्रमिक बराबरको बोनस पाउनेछन्। एउटा मजदूरले गत वर्ष करीब रु २ लाख बोनसबापत पाएका थिए भने यस वर्ष करीब रु ४ लाखको हाराहारीमा बोनस पाउनेछन्।

साधारणसभा हिमालयन डिस्टिलरी लिमिटेड सञ्चालक समितिका अध्यक्ष अखिलेश्वरप्रसाद सिंहको अध्यक्षता भएको थियो। उनैले पेश गरेको आव ०७७-०७८ को आयव्यय प्रतिवेदन पारित गरेको डिस्टिलरीका प्रबन्धक उदय भण्डारीले बताए। कार्यक्रमको सहजीकरण कारखाना सञ्चालक समितिकी सचिव निशा निरौलाले गरेकी थिइन्।

# पर्साका सेवा प्रदायक कार्यालयहरूमा पालिका अनुसार आलोपालो प्रणाली शुरू

प्रस, वीरगज, २८ पुस/

जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन समिति, पर्साको बैठक मङ्गलवार साँझ सम्पन्न भएको छ। गत वर्षझैं यस वर्ष पनि ओमिक्रोन भाइरसको कारण विश्व आक्रात बन्दै गइरहेको बेला नेपालमा पनि सङ्क्रमण बढिरहेकोले सतर्कताका लागि बैठक बसेको सहभागीहरूले बताएका छन्।

बैठकले सार्वजनिक स्थलमा कुनै प्रकारको राजनीतिक तथा धेरै उपस्थिति हुनेगरी प्रशासनिक तथा सामाजिक प्रकृतिको कार्यक्रम बन्देज गर्ने निर्णय गरेको छ। सार्वजनिक स्थलमा २५ जना भन्दा बढी भेला नहुने, माघ ७ गतेदेखि कुनै पनि कार्यालय, होटल, रेस्टुरा, सिनेमा, रङ्गशाला र पार्कजस्ता सार्वजनिक स्थलमा प्रवेश गर्दा कोभिडविरुद्ध खोप लगाएको कार्ड अनिवार्य गरिएको छ। भारतबाट नेपाल भित्रिने प्रवेश बिन्दुमा अनिवार्यरूपमा एन्टिजेन परीक्षण गर्ने र कोरोना पोजेटिभ देखिएमा स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्ने-गराउनेगरी सुरक्षित साथ गन्तव्य स्थानमा पुग्न सहजीकरण गर्ने निर्णय भएको छ।

स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्ने-गराउने तथा कोरोना सङ्क्रमणको जोखिमबाट बाँचने-बचाउनेबारे जनचेतनामूलक कार्य गर्ने-गराउने, जिल्लास्थित सरकारी कार्यालयहरूले कार्यालयमा हुने सेवाग्राहीको चाप ध्यानमा राखी बढी भीडभाड नहुनेगरी सेवा प्रवाह गराउने निर्णय भएको प्रमुख जिल्ला अधिकारी उमेश ढकालले बताए।

जिल्ला प्रशासन कार्यालय, पर्साले आलोपालो सेवा प्रवाह गर्न प्रबन्ध मिलाएको जनाएको छ। माघ २ गतेदेखि लागू हुनेगरी कार्यालयबाट प्रवाह हुने सेवा नयाँ नागरिकता, प्रतिलिपि नागरिकता, राहदानी र विभिन्न सिफारिशहरूलाई पालिकास्तरीय सेवा दिने सो कार्यालयले जनाएको छ।

आलोपालो अनुसार आइतवार र सोमवार छिपहरमाई, ठोरी, धोबिनी, कालिकामाई, पकहामैनपुर, पटेर्वा सुगौली गाउँपालिकाको काम हुनेछ।

मङ्गलवार र बुधवार पोखरिया नगरपालिका, बिन्दवासिनी गाउँपालिका, पर्सागढी नगरपालिका, बहुदरमाई नगरपालिका, जगरनाथपुर गाउँपालिकाका सेवाग्राहीलाई सेवा दिने निर्णय भएको छ भने बिहीवार तथा शुक्रवार वीरगंज महानगरपालिका, जीराभवानी तथा सखुवापरसौनी गाउँपालिकाको काम हुने सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले जानकारी गराएका छन्।

# एमाले सच्चा राष्ट्रवादी पार्टी –महासचिव पोखरेल

प्रस, वीरगंज, २८ पुस/

नेकपा एमाले बाराको १० औं जिल्ला अधिवेशन बुधवारदेखि कलैया उपमहानरपालिकामा शुरू भएको छ।

नेकपा एमालेका महासचिव शङ्कर पोखरेलले जानकी हलमा जिल्ला अधिवेशनको उद्घाटन गरेका थिए। सो अवसरमा उनले एमाले सरकारको लोकप्रियता सहन नसकेर संयुक्त गठबन्धनको अपवित्र सरकार बनेको र दुईतिहाई सरकार हट्नुपरेको बताए। एमाले सरकारले मधेसमा सडक सञ्जाल विस्तारका साथै विकासको लहर ल्याएको उनले दाबी गरे। भारतले मिचेको नेपाली भूमि आफ्नो पक्षमा ल्याउने निर्णय गरेको एमाले देशको सच्चा राष्ट्रवादी पार्टी भएको महासचिव पोखरेलले बताए।

देवनारायण चौधरीको अध्यक्षतामा भएको उद्घाटन समारोहमा केन्द्रीय सचिव रघुवीर महासेठ, स्थायी कमिटी सदस्य प्रभु साह, पोलिटब्युरो सदस्यहरू पुरुषोत्तम पौडेल, सुमन प्याकुरेल, ज्वाला साह, अच्युत पौडेल, प्रदेश इन्चार्ज रामअवतार यादव, उपसचिव आरती भण्डारीलगायतले अधिवेशनको सफलताको लागि शुभकामना व्यक्त गरेका थिए। उद्घाटन सत्र सकिएसँगै बलवीर चौधरीको अध्यक्षतामा सात सदस्यीय अध्यक्ष मण्डल बनेको र बन्द सत्र शुरू भएको एमाले बाराका प्रचार विभाग प्रमुख मनोज पौडेलले बताए। उनले बन्द सत्रमा करीब साढे आठ सय प्रतिनिधि सहभागी भएको बताए।

**बारामा पनि विवाद, झडप**




उद्घाटन सत्र अघि परसौनी गापाबाट प्रतिनिधि छनोटको विषयलाई लिएर कलैयामा पनि विवाद भएको थियो। उद्घाटन अघि कार्यक्रम स्थल जानकी हलमा सोही विषयमा झडप पनि भयो। पछि परसौनीको विवाद साम्य पारेर उद्घाटन भएको प्रचार विभाग प्रमुख पौडेलले बताए। उनले दुईथरीबाट प्रतिनिधि बनेर आएकाले विवाद भएको र दुवैतर्फबाट आधाआधा प्रतिनिधित्व गराएर विवाद साम्य पारिएको बताए।

## प्रदेश २ मा समुदाय.....

४१५ परीक्षणमा तीन महिलासहित १८ जना पोजेटिभ भेटिएका छन् भने मङ्गलवार भएको ४१३ परीक्षणमा २४ जना पोजेटिभ भेटिएका थिए। पुस ८ गतेदेखि हालसम्म वीरगंज नाकाबाट भित्रिनेहरूमा झन्डै डेढ सयभन्दा बढीमा कारोना सङ्क्रमण पुष्टि भएको डा. महतोले बताइन्। नेपालीको हकमा प्रशासनको सहयोगमा होम आइसोलेशनमा पठाइने गरिएको छ भने भारतीयको हकमा भारतमैं फर्काउने गरिएको उनले जनाइन्।

**ओमिक्रन परीक्षणको लागि नमूना भण्डारण गर्न सकिएन**

मुलुकको प्रमुख प्रवेशद्वार वीरगंज नाकामा भेटिइरहेको कारोनाको जिन-सिक्वेसिङ अर्थात् ओमिक्रन वा डेल्टा भेरिएन्ट छुट्याउन भण्डरणाको उपकरण नभएकोले समस्या भइरहेको स्वास्थ्यकर्मीहरूले बताएका छन्। नारायणी अस्पतालको प्रयोगशालाले मासिक भेटिएको पोजेटिभ केसको नमूना जिन सिक्वेसिङको लागि काठमाडौं, टेकुस्थित एनपिएचएलको प्रयोगशालामा पठाउने गरेको छ।

यसरी दैनिक सङ्क्रमितको सङ्ख्या बढ्दै ज्यादा समस्या उत्पन्न हुने उनको विश्लेषण छ। यस अघि नारायणी अस्पतालमैं भण्डारण गर्न पठाइँदै आएको वीरगंज नाकाको हेल्थ डेस्कले दैनिक २० भन्दा बढी पोजेटिभ भेट्न थालेपछि बुधवारदेखि नमूना सङ्कलन बन्द गरेको छ।

डा. अनिशा महतोका अनुसार हेल्थ डेस्कसँग नमूना भण्डारण गर्ने फ्रिज नभएको र नारायणी अस्पतालले पनि नमूना भण्डारण गर्न नमानेपछि नमुना सङ्कलन बन्द गरेको बताइन्। "हामीले वीरगंज महानगरसँग लामो समयसम्म नमूना भण्डारण गरेर राख्न सकिने फ्रिज माग गरेका छौं"–उनले भनिन्–"फ्रिज प्राप्त नहुन्जेल सङ्कलन रोकेका छौं, एउटा कोल्ड बक्समा ३६ वटा नमूना मात्र भण्डारण गरिराखेका छौं।"

**अशक्त र रोगप्रतिरोधात्मक क्षमता कम भएका लागि समस्या**

कोरोना महामारीको तेस्रो लहर अर्थात् भारत र विश्वका थुप्रै मुलुकमा ओमिक्रोन भेरिएन्ट भेटिएको पुष्टि भएसँगै नेपालमा पनि महामारी बढिरहेको छ। तर यो भेरिएन्टको एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने दर अत्यधिक भएकोले अवस्था भयावह बन्न धेरै समय नलाग्ने स्वास्थ्यविज्ञहरूको आकलन छ।

नारायणी अस्पतालका चिकित्सक डा. उदयनारायण सिंहका अनुसार बितेको क्रिसमस डे, नयाँ वर्ष महोत्सव, एमाले, काङ्ग्रेस तथा माओवादीको महाधिवेशन जस्ता कार्यक्रम तथा गतिविधिले गर्दा काठमाडौं, पोखरा, चितवनलगायत प्रदेश २ का आठ जिल्लामा कोरोना महामारी अस्वाभाविकरूपमा बढिरहेको छ। तर कोरोनाविरुद्ध दोस्रो मात्रा खोप लगाउनेलाई धेरै असर नगरेको उनको विश्लेषण छ। "ओमिक्रनले सतहीरूपमा मात्र असर गरिरहेको छ, छातीमा निमोनियाको दायरा त्यति तीव्र बढाएको छैन, खोप लगाउनेहरू एकै हप्तामा निको भइरहेका छन्"–उनले भने–"तर त्यही रोग प्रतिरोधात्मक क्षमता न्यून वा शारीरिकरूपमा अशक्तलाई बढी समस्या हुन सक्ने भएकोले सावधान हुन जरूरी छ।"







जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ।

- सावधानीपूर्वक सवारी साधन चलाऔं।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निश्शुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं।
- आफू पनि बचौं, अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड